# सम्मान र पदक प्रदान गर्ने मापदण्ड, २०७८

(संवत् २०७९ साल जेठ १३ गतेसम्म भएका संशोधनहरू समेत मिलाइएको)

बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# सम्मान र पदक प्रदान गर्ने मापदण्ड, २०७८

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

२०७८।०३।१०

**<u>संशोधन</u>**

सम्मान र पदक प्रदान गर्ने (पहिलो संशोधन) मापदण्ड, २०७९ २०७९।०२।१३

**<u>प्रस्तावनाः</u>** प्रदेश सरकारद्वारा प्रदान गरिने सम्मान र पदक सम्बन्धी कार्यलाई पारदर्शी एवम् व्यवस्थित बनाउन विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो मापदण्ड बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "सम्मान र पदक प्रदान गर्ने मापदण्ड, २०७८" रहेको छ ।

(२) यो मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन" भन्नाले विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ सम्झनु पर्छ।

(ख) “प्रदेश” भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(घ) "व्यक्ति" भन्नाले प्राकृतिक वा कानूनी दुवैलाई बुझाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ङ) "सम्मान र पदक" भन्नाले ऐनको दफा ७ बमोजिमको क्षेत्रमा प्रदेश सरकारबाट प्रदान गरिने अनुसूची-१ देखि अनुसूची-२२ बमोजिमका पदकहरु सम्झनु पर्छ । सो शब्दले सोको लागि सम्मान स्वरुप अनुसूची-२४ बमोजिम प्रदान गरेको प्रमाणपत्र/सम्मान पत्र समेतलाई बुझाउँछ।

## परिच्छेद-२
## सम्मान र पदक

३. **प्रदेश रक्षक पदकः** (१) प्रदेशभित्र प्रदेशको शान्ति सुरक्षा एवम् अमन चयन कायम राख्न अग्र स्थानमा रही आफ्नो ज्यान जोखिममा राखी अदम्य साहसका साथ कर्तव्य पालना गर्ने नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरोका जवान वा अधिकृतलाई प्रदेश रक्षक सम्मान र पदक प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-१ बमोजिम हुनेछ ।

४. **शान्तिमाला पदकः** (१) प्रदेशभित्र खटिएको समयमा समग्र देशमा शान्तिको सन्देश प्रवाह गर्न, प्रादेशिक एकता कायम गर्न र प्रदेशभित्र सिर्जना भएको कुनै पनि द्वन्द्वको समाधानको लागि अग्रस्थानमा रही उचित समन्वय गरी शान्ति तथा अमन चयन कायम गर्ने जुनसुकै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरोका जवान वा अधिकृत तथा स्थानीय तहको सुरक्षाकर्मीलाई शान्तिमाला सम्मान र पदक प्रदान गर्न सकिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-२ बमोजिम हुनेछ ।

**५.** **<u>शान्तिदीप पदक</u>**: (१) संयुक्त राष्ट्र सङ्घको आव्हानमा विदेशमा गई शान्ति कायम गर्ने कार्यमा योगदान पुऱ्याउने वा मुलुकभित्र नै शान्ति कायम गर्न उदाहरणीय कार्य गर्ने नेपाली सेना तथा सङ्घ वा प्रदेश प्रहरीका जवान वा अधिकृतलाई शान्तिदीप सम्मान र पदक प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-३ बमोजिम हुनेछ ।

**६.** **<u>प्रदेश दीप पदक</u>**: (१) प्रदेशभित्रको ग्रामीण तथा शिक्षाको पहुँच नपुगेको क्षेत्रमा औपचारिक वा अनौपचारिक शिक्षामा शिक्षाको स्तर, गुणस्तर र नवीनतम् सिकाइको माध्यमबाट आमूल परिवर्तन ल्याउने, साक्षरता वृद्धिमा उल्लेखनीय योगदान गर्ने, सो सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने गराउने नागरिकलाई प्रदेशदीप सम्मान र पदक प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-४ बमोजिम हुनेछ ।

**७.** **<u>मृत्युञ्जय पदक</u>**: (१) प्रदेशभित्रको चिकित्सा एवं स्वास्थ्य क्षेत्रमा संलग्न रही निस्वार्थ भावनाले स्वास्थ्य सेवामा आम नागरिकको पहुँच वृद्धि गर्ने, सर्व सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने र जोखिम अवस्थामा रहेका बिरामीको उद्धार एवं उपचार गर्ने जुनसुकै स्वास्थ्यकर्मीलाई मृत्युञ्जय सम्मान र पदक प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-५ बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

८. **प्रदेश शान पदकः** (१) प्रदेशमा खेलकुद क्षेत्रको विकास र विस्तार गर्ने, राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा पदक प्राप्त गरी समग्र देश र प्रदेशको शान गौरवान्वित बनाउने, राष्ट्रिय कीर्तिमान कायम गर्ने प्रदेशका जुनसुकै खेलाडी एवं प्रशिक्षकलाई प्रदेश शान सम्मान र पदक प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-६ बमोजिम हुनेछ ।

९. **कृषि किरण पदकः** (१) कृषिको आधुनिकीकरण, व्यावसायिकरण, औद्योगिकीकरण गरी समग्र कृषि क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने, उत्पादन र उत्पादकत्वको वृद्धि मार्फत राष्ट्रिय अर्थतन्त्रमा योगदान दिने र प्रदेशलाई कृषिमा आत्मनिर्भर हुन सहयोग गर्ने प्रदेशका जुनसुकै कृषक व्यावसायी, कृषि उद्योग, कृषि फार्म, कृषि सहकारी, सबैभन्दा बढी कृषि ऋण प्रवाह गर्ने बैंक वा वित्तीय संस्थालाई कृषि किरण सम्मान र पदक प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-७ बमोजिम हुनेछ ।

१०. **सहकारी प्रवर्द्धन पदकः** (१) सबैको लागि एक र एकको लागि सबै भन्ने सहकारीको सिद्धान्तलाई आत्मसाथ गरी पुँजी प्रवर्द्धन, रोजगारी सिर्जनाको लागि ऋण तथा बचतको प्रवाह र साना किसानहरुको उत्थानमा उल्लेखनीय योगदान पुऱ्याएका प्रदेशभित्रका सहकारी संस्थाहरुलाई सहकारी प्रवर्द्धन सम्मान र पदक प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-८ बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

११. **उद्यमशीलता पदकः** (१) प्रदेशलाई उद्योग उन्मुख बनाउन लघु उद्यम, घरेलु तथा साना उद्यममा लगानी गर्ने, त्यस्तो उद्योगमा महिला सहभागितालाई प्रोत्साहन गर्ने, औद्योगिक रोजगारी सिर्जना गर्ने, प्रदेशको कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको सहभागिता बढाउन योगदान पुऱ्याउन प्रदेशमा रही उद्योग गर्ने जुनसुकै उद्यमीलाई उद्यमशीलता सम्मान र पदक प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-९ बमोजिम हुनेछ ।

१२. **प्रदेशद्रष्टा पदकः** (१) प्रदेशमा पर्यटकीय पूर्वाधारको विकास एवं प्रवर्द्धन गर्ने, होमस्टेको माध्यमबाट स्थानीय मौलिक पर्यटनको विकास र विस्तार गर्ने, नमुना पर्यटकीय स्थलको आधार तयार गर्न योगदान गर्ने, प्रदेशभित्रका नयाँ नयाँ पर्यटकीय क्षेत्रमा लगानी गर्ने, आन्तरिक एवं बाह्य पर्यटकलाई आकर्षित गरी प्रदेशको राजस्वमा उल्लेखनीय योगदान पुऱ्याउने, पर्यटनको क्षेत्रमा उल्लेखनीय रोजगारीको सिर्जना गर्ने जुनसुकै संस्था वा व्यक्तिलाई प्रदेशद्रष्टा सम्मान र पदक प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-१० बमोजिम हुनेछ ।

१३. **वातावरण संरक्षण पदकः** (१) प्रदेश तथा समग्र देशको वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनबाट हुनसक्ने जोखिम न्यूनीकरणमा योगदान दिने, वातावरण अनुकूलन सिद्धान्त बमोजिम कृषि, व्यावसायिक एवं जिविकोपार्जनको एवं नागरिकको स्वच्छ एवं स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको लागि जनचेतना जगाउने, प्राकृतिक स्रोत र साधनको समुचित प्रयोग गर्ने गराउने, वातावरणमैत्री विकासको मोडल पहिचान गर्ने र सोको अवलम्बन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

गर्ने जुनसुकै व्यक्ति वा निकाय वा अभियान्तालाई वातावरण संरक्षण सम्मान र पदक प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-११ बमोजिम हुनेछ ।

१४. **विकास सेवी पदकः** (१) प्रदेशको सामाजिक, आर्थिक तथा विकास निर्माण कार्यमा संलग्न रही सार्वजनिक कल्याण तथा जनहितको प्रवर्द्धन तथा जनजीवनको स्तरमा सुधारका लागि उल्लेखनीय योगदान पुऱ्याउने प्रदेश वा स्थानीय तहका पदाधिकारी वा प्रदेशका गौरव आयोजनाहरुलाई समयमै सम्पन्न गरी प्रदेशको विकासमा सहयोग पुऱ्याउने जुनसुकै व्यक्तिलाई विकास सेवी सम्मान र पदक प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-१२ बमोजिम हुनेछ ।

१५. **प्रदेशदूत पदकः** (१) प्रदेशभित्रको सूचना र सञ्चारको क्षेत्रमा अग्रपङ्क्तिमा रही समाजका सही सूचनाको सही सञ्चार गर्ने, ग्रामीण भेगका समस्या र सिर्जनालाई उजार गर्ने, सूचनाको पहुँचलाई सहज बनाउने, संविधान एवं प्रचलित कानूनको बारेमा बहस पैरवी मार्फत जनचेतनाको वृद्धि गर्दै सशक्तीकरणमा योगदान पुऱ्याउने जुनसुकै व्यक्ति, संस्था वा निकायलाई प्रदेशदूत सम्मान र पदक प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-१३ बमोजिम हुनेछ ।

१६. **अन्वेषण पदकः** (१) राष्ट्र एवं आमजनताको समुन्नतिको लागि शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक, भौतिक, रसायनिक, चिकित्साको क्षेत्रमा खोज अनुसन्धान गर्ने जुनसुकै व्यक्तिलाई अन्वेषण सम्मान र पदक प्रदान गर्न सकिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-१४ बमोजिम हुनेछ ।

१७. **नव प्रवर्तन पदकः** (१) नवीन प्रविधिको पहिचान, आविष्कार, प्रयोग, प्रचार प्रसारमा योगदान दिने, पहिचान भएको प्रविधिलाई जीवन उपयोगी क्षेत्रमा प्रयोगमा ल्याउन सघाउने जुनसुकै सार्वजनिक क्षेत्रलाई प्रविधिमैत्री बनाउने कार्यमा उल्लेखनीय योगदान पुऱ्याउने जुनसुकै व्यक्ति, राष्ट्र सेवक कर्मचारी तथा संस्थालाई नव प्रवर्तन सम्मान र पदक प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-१५ बमोजिम हुनेछ ।

१८. **सुभाषिक पदकः** (१) प्रदेशभित्र वा बाहिर प्रचलनमा रही हाल लोपोन्मुखको अवस्थामा रहेका भाषाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने, प्रचलनमा नरहेका तर अस्तित्वमा रहेका भाषाको पहिचान र विकासमा योगदान पुऱ्याउने जुनसुकै व्यक्तिलाई सुभाषिक सम्मान र पदक प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-१६ बमोजिम हुनेछ ।

१९. **कलाकीर्ति पदकः** (१) प्रदेशभित्रका पुरातात्विक कलाको उत्खनन्, संरक्षण र विकास गर्ने, चित्रकला, वास्तुकलाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने, नवीन कलाको विकास गर्ने, श्रव्यदृश्य एवं चलचित्रको माध्यम एवं सोको उद्योगमार्फत कलाक्षेत्रमा उल्लेखनीय योगदान गर्ने जुनसुकै व्यक्ति वा कलाकारलाई कलाकीर्ति सम्मान र पदक प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-१७ बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२०. **संस्कृतिदीप पदकः** (१) प्रदेशभित्रका भौतिक (सभ्यता) एवं अभौतिक संस्कृतिको संरक्षण र सम्वर्द्धन र प्रवर्द्धन गर्ने, स्थानीय संस्कृतिको स्तरोन्नति गर्ने, प्रचारप्रसार गर्ने तथा सांस्कृतिक विविधता व्यवस्थापनमा उल्लेखनीय योगदान दिने जुनसुकै स्थानीय तह वा व्यक्तिलाई संस्कृतिदीप सम्मान र पदक प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-१८ बमोजिम हुनेछ ।

२१. **प्रदेश श्रष्टा पदकः** (१) प्रदेशभित्र वा बाहिर जुनसुकै स्थानमा रही बसी साहित्यिक सिर्जनामा संलग्न रही प्रदेशको शान गौरवान्वित बनाउने तथा साहित्यिक क्षेत्रमा विशेष योगदान दिने जुनसुकै व्यक्तिलाई प्रदेश श्रष्टा सम्मान र पदक प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-१९ बमोजिम हुनेछ ।

२२. **जनसेवा पदकः** (१) प्रदेशको सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउने, राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्ने,आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनमा योगदान दिई प्रदेशमा सुशासनको प्रत्याभूतिका लागि योगदान दिने प्रदेशमा कार्यरत कर्मचारीलाई जनसेवा सम्मान र पदक प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-२० बमोजिम हुनेछ ।

२३. **विपदसेवी पदकः** (१) प्रदेशभित्र प्राकृतिक प्रकोपबाट पीडित व्यक्तिहरुको उद्धार एवं व्यवस्थापन वा प्रकोपको जोखिम न्यूनीकरण गर्ने कार्यमा प्रशंसनीय योगदान गर्ने वा सहयोग



आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश

पुऱ्याउने प्रदेशभित्रका जुनसुकै स्थानीय तह वा व्यक्तिलाई विपद्सेवी सम्मान र पदक प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-२१ बमोजिम हुनेछ ।

२४. **<u>प्रदेश परोपकार पदकः</u>** (१) प्रदेशभित्रका समाज वा समुदायको उन्नति र भलाईका लागि निःस्वार्थ भावनाले काम गर्ने, सामाजिक उद्धारको कार्य गर्ने, मानव जातिको हित र कल्याणका लागि विभिन्न परोपकारी कार्य गर्ने प्रदेश वा स्थानीय तहका पदाधिकारी वा जुनसुकै व्यक्ति वा संस्थालाई प्रदेश परोपकार सम्मान र पदक प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको पदको ढाँचा, बनौट, आकार तथा प्रकार र पट्टिका अनुसूची-२२ बमोजिम हुनेछ ।

## परिच्छेद-३

## <u>सिफारिसको आधार र प्रक्रिया</u>

२५. **<u>सिफारिसको आधारः</u>** (१) सम्मान र पदकका लागि सिफारिस गर्दा ऐनको दफा ६ र ९ मा उल्लिखित विषयका अतिरिक्त यस मापदण्डको परिच्छेद-२ को विषयलाई समेत आधार लिएको हुनु पर्नेछ।

(२) देहाय बमोजिमका व्यक्तिलाई  सम्मान र पदकका लागि सिफारिस गर्न सकिने छैनः-

(क) आफूले प्राप्त गरेको सम्मान र पदक कसैलाई बिक्री गरेको वा बन्धकीमा राखेको,

(ख) आफूले प्राप्त गरेको सम्मान र पदकको मर्यादा विपरीत हुने गरी प्रयोग गरेको वा कसैलाई प्रयोग गर्न दिएको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको,

(घ) भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण तथा निकासी पैठारी, सम्पति शुद्धिकरण तथा राहदानी दुरुपयोग सम्बन्धी कसुरमा अदालतको अन्तिम फैसलाबाट सजाय ठहर भएको,

(ङ) सम्मान र पदक प्राप्त गर्ने व्यक्ति कर्मचारी रहेको भए निलम्बनमा रहेको,

(च) प्रचलित कानूनद्वारा अयोग्य हुन सक्ने आधार आकर्षित हुने।

२६. <u>**सम्मान र पदक सिफारिसको प्रक्रियाः**</u> (१) ऐन बमोजिम मन्त्रालयले सम्बन्धित मन्त्रलायलाई सिफारिस गरी पठाउँदा देहायको पदाधिकारी, कर्मचारी, निकाय वा व्यक्तिलाई सिफारिस गर्दा देहाय बमोजिम सिफारिस गरी पठाउनु पर्नेछः-

(क) सम्मान र पदक समितिका पदाधिकारीहरुको हकमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले,

(ख) प्रदेश सभाका सदस्यहरुको हकमा सभामुखले,

(ग) प्रदेश सरकारका मन्त्री, राज्यमन्त्री तथा स्थानीय तहका पदाधिकारीको हकमा मुख्यमन्त्रीले,

(घ) प्रदेश सभाका सचिवालयका कर्मचारीको हकमा प्रदेश सभाको सचिवले,

(ङ) सम्बन्धित मन्त्रालयसँग सम्बन्धित कर्मचारी वा त्यस्तो मन्त्रालयको कार्य विभाजनको विषयसँग मिल्ने सम्मान र पदकको क्षेत्रसँग मिल्ने कुनै

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

पनि व्यक्ति सिफारिसको हकमा सम्बन्धित मन्त्रालयको मन्त्रीले,

(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरोको निकायमा कार्यरत कर्मचारीको हकमा सम्बन्धित सुरक्षा निकायको प्रमुखले निर्णय सिफारिसको आधारमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले,

(२) यस दफा बमोजिम सम्बन्धित मन्त्रालयले आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सम्मान र पदकको सिफारिस गर्दा त्यस्तो निकायमा पत्राचार गर्ने वा आन्तरिक सूचना निकाल्ने वा जुनसुकै तरिकाले सकेसम्म सबैलाई जानकारी गराई सिफारिस गर्नु पर्नेछ ।

(३) सम्मान र पदक पाउने व्यक्तिले अनुसूची-२३ बमोजिमको विवरण भरी सम्बन्धित मन्त्रालयमा पेश गर्नु पर्ने तथा त्यस्तो निकायले उचित ठानेका योग्य व्यक्तिलाई आफैंले विवरण भरी सिफारिस गर्न सक्नेछ ।

तर सम्बन्धित निकायबाट सूचनाको जानकारी नपाई छुट भएको वा प्रदान हुने सम्मान र पदको दावेदार व्यक्तिले ऐनको म्यादभित्रै अनुसूची-२३ बमोजिमको विवरण भरी आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सूचनाको म्यादभित्रै सिधै पेश गर्न सक्नेछ ।

(४) सम्बन्धित निकाय वा दावेदार व्यक्ति आफैबाट मन्त्रालयमा म्यादभित्र पेश हुन आएका सूचीहरुलाई सिफारिस समितिले आवश्यक जाँचबुझ गरी सम्मान र पदको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२७. **♦सम्मान र पदकको सङ्ख्याः** यस मापदण्ड बमोजिम क्षेत्रगत रुपमा पाउने सम्मान र पदकको सङ्ख्या प्रदेश सरकारले घोषणा गर्दाका बखत तोकेको सङ्ख्या अनुसार हुनेछ।

२८. **सम्मान पत्र प्रदान गरिनेः** पदक प्रदान गर्दा प्रत्येक व्यक्तिलाई दिइने सम्मान पत्रको ढाँचा अनुसूची-२४ बमोजिम हुनेछ।

२९. **पदक प्राप्त गर्ने व्यक्तिलाई भत्ता उपलब्ध गराइनेः** ऐनको परिच्छेद-३ बमोजिमको सम्मान र पदक ग्रहण गर्न आउँदा राष्ट्रसेवक कर्मचारीको हकमा प्रदेश भ्रमण खर्च नियमावली अनुसार र अन्य व्यक्तिको हकमा आउँदा जाँदा लाग्ने यातायात खर्च र एक दिनको प्रथम तह अनुसारको दैनिक भत्ता उपलब्ध गराइनेछ।

## परिच्छेद- ४

## विविध

३०. **स्वल्पाकार वा स्वल्पाकार पट्टिकाः** (१) यस मापदण्ड बमोजिम प्रदान गरिने पदकहरुको स्वल्पाकार र स्वल्पाकार पट्टिका हुनेछ।

(२) यस मापदण्डको अधिनमा रही पदक पाउने व्यक्तिले स्वल्पाकार र स्वल्पाकार पट्टिका लागाउन सक्नेछ ।

(३) स्वल्पाकार र स्वल्पाकार पट्टिकाको बनौट तथा आकार प्रकार अनुसूची-२५ बमोजिम हुनेछ ।

३१. **पोशाकः** सम्मान र पदक सुशोभन समारोहमा सुशोभित हुने महिलाले सारी चोलो, पुरुषको हकमा दौरा, सुरुवाल, कोट, कालो जुत्ता वा आफ्नो परम्परा र संस्कृति झल्कने जुनसुकै औपचारिक पोशाक लगाउनु पर्नेछ।

तर यौनिक तथा अल्पसंख्यकको हकमा जुनसुकै औपचारिक पोशाक लगाउन बाधा पर्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

♦ पहिलो संशोधनद्वारा संशोधित।

३२. **<u>सम्मान र पदको मर्यादाक्रमः</u>** ऐन तथा यस मापदण्ड बमोजिम प्रदान हुने सम्मान र पदक मध्ये प्रदेश शान्ति तथा सुरक्षाको क्षेत्रमा दिइने सम्मान र पदको मर्यादाक्रम क्रमश प्रदेश रक्षक, शान्ति माला र शान्तिदीप हुनेछ ।

३३. **<u>पदकको प्रतीक समूहको जिम्मा</u>**ः ऐन बमोजिम प्रदान गरिने सबै प्रकारका पदकहरुको प्रतीक समूह मन्त्रालयको जिम्मामा रहनेछ।

३४. **<u>किन्न सकिने</u>**ः (१) कुनै व्यक्तिले पाएको पदकको कुनै प्रतीक हराएमा, चोरिएमा वा नासिएमा सो प्रतीक निजले मन्त्रालयले तोकेको स्थानबाट खरिद गर्न सक्नेछ।

(२) दफा ३० बमोजिमको स्वल्पाकार र स्वल्पाकार पट्टिका मन्त्रालयले तोकेको स्थानबाट खरिद गर्न सक्नेछ।

३५. **<u>सम्मान र पदक स्वत रद्द हुने</u>**ः यस ऐन बमोजिम प्रदान हुने सम्मान र पदक सुशोभन समारोहमा ऐनको दफा ११ बमोजिम उपस्थित नभई मन्त्रालयबाट एक वर्षभित्र बुझिलिन सम्पर्कमा नआएको खण्डमा सो घोषित सम्मान र पदक स्वतः रद्द हुनेछ।

३६. **<u>विभूषण ग्रहण गर्न नपाउने</u>**ः (१) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पदक पाउने व्यक्ति भ्रष्टाचार, जबरजस्ती करणी, मानव वेचविखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, राहदानी दुरुपयोग, अपहरण, खराब व्यावसायिक आचरण, सम्पत्ति शुद्धिकरण वा नैतिक पतन देखिने अन्य यस्तै जुनसुकै फौजदारी कसुरमा अदालतबाट सजाय पाएको वा त्यस्तो अभियोग लागेको भए अभियोग लागेको अवधिभर सम्मान र पदकको लागि सिफारिस हुन वा त्यस्तो समारोहमा भाग लिन वा सम्मान र पदक ग्रहण गर्न पाउने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) ऐनको दफा १० को उपदफा (५) बमोजिम सूचना प्रकाश गर्दा उपदफा (१) बमोजिमको क्रियाकलापको दावी विरोध समेतलाई संलग्न गरी सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचनामा उल्लिखित म्यादभित्र कुनै व्यक्तिको लागि दावी विरोध पर्न आएमा सोको छानबिनको लागि मन्त्रालयले छानबिन समिति गठन गरी छानबिन गर्न सक्नेछ ।

(४) कुनै कारणवश उपदफा (१) बमोजिमको व्यक्ति सम्मान र पदको लागि सिफारिस भएमा सिफारिस सूचीबाट हटाउने वा सम्मान र पदक ग्रहण गरिसकेको भएमा त्यस्तो सम्मान र पदक मन्त्रालयले फिर्ता गर्न लगाउने वा उपदफा (३) बमोजिमको दावी विरोध प्रमाणित भएमा निजलाई प्रदेश सरकारले सम्मान र पदक प्रदान गर्ने प्रक्रियाबाट हटाउनेछ ।

३७. **निलम्बनमा राखिने**ः कुनै व्यक्ति वा संस्था/निकायले सम्मान र पदकको लागि गलत विवरण भरी पेश गरेको प्रमाणित भएमा त्यस्तो व्यक्ति, संस्था/निकायलाई यस मापदण्ड बमोजिम प्रदान गर्ने सम्मान र पदक प्रदान नगर्ने गरी पाँच वर्षको लागि निलम्बनमा राखिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रदेश रक्षक पदक</u>**




**(क)** **<u>मण्डलः</u>** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिचको भागमा रहेको बागमती प्रदेशको नक्सा, क्रस खुकुरी र हतियार बोकेको मानिसको आकृति सुनको र बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख)** **<u>पट्टिकाः</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**<u>शान्तिमाला पदक</u>**




**(क) <u>मण्डल</u>ः** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको गोलाकार, स्तुपा र हात मिलाइएको आकृति सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख) <u>पट्टिका</u>ः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-३

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**शान्तिदीप पदक**




(क) **मण्डलः** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको नेपालको नक्सा र मानिसको आकृति सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्डयाउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

(ख) **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-४

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रदेश दीप पदक</u>**




**(क) <u>मण्डल</u>**ः यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको बागमती प्रदेशको नक्सा, किताब, कलम र बलेको दियो सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्डयाउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख) <u>पट्टिका</u>**ः यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-५

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**<u>मृत्युञ्जय पदक</u>**




**(क) <u>मण्डल</u>ः** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको बागमती प्रदेशको नक्सा र सोमा रहेको आकृति र लालीगुराँसको फूल सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्डयाउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख) <u>पट्टिका</u>ः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-६

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रदेश शान पदक</u>**




**(क)** **<u>मण्डलः</u>** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको चन्द्र सूर्य, मसाल बोकेको मानिसको आकृति र हिमाल सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख)** **<u>पट्टिकाः</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ ।

अनुसूची-७

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**<u>कृषि किरण पदक</u>**




**(क) <u>मण्डल</u>ः** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको उदाउँदो सूर्य सहितको हिमाल सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख) <u>पट्टिका</u>ः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-८

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

**<u>सहकारी प्रवर्द्धन पदक</u>**




**(क)** **<u>मण्डलः</u>** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको हिमाल र गोलाकार माथि सात जना मानिसको आकृति सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख)** **<u>पट्टिकाः</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-९

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**उद्यमशीलता पदक**




**(क)** **मण्डलः** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको हिमाल र चर्खा काट्दै गरेको महिलाको आकृति सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-१०

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रदेशद्रष्टा पदक</u>**




**(क) <u>मण्डल</u>ः** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको हिमाल, मन्दिर, स्तुपा, रुख, एकसिङ्गे गैंडा र लालीगुराँसको आकृति सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख) <u>पट्टिका</u>ः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-११

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>वातावरण संरक्षण पदक</u>**




**(क) <u>मण्डल</u>:** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको उदाउँदो सूर्य सहितको हिमाल, लालीगुराँस र हातमा बिरुवा लिएको देखिने आकृति सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख) <u>पट्टिका</u>:** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-१२

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

**<u>विकास सेवी पदक</u>**




**(क) <u>मण्डल</u>:** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको हिमाल र लालीगुराँस सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख) <u>पट्टिका</u>:** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-१३

(दफा १५ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रदेशदूत पदक</u>**




**(क)** **<u>मण्डलः</u>** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको बागमती प्रदेशको नक्सा र सञ्चारको टावर सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्डयाउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख)** **<u>पट्टिकाः</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-१४

(दफा १६ को उपदफा (२) सँग सम्बन्धित)

<u>**अन्वेषण पदक**</u>




**(क)** <u>**मण्डल**</u>: यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको बागमती प्रदेशको नक्सा, खगोलीय आकृति र लालीगुराँस सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख)** <u>**पट्टिका**</u>: यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-१५

(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

**<u>नव प्रवर्तन पदक</u>**




**(क) <u>मण्डल</u>**ः यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको तारा, ज्योति सहितको बौद्धिक देखिने आकृति सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख) <u>पट्टिका</u>**ः यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ। यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ ।

अनुसूची-१६

(दफा १८ को उपदफा (२) सँग सम्बन्धित)

**सुभाषिक पदक**




**(क)** **मण्डलः** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको किताब, कलम र लालीगुराँसको आकृति सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-१७
(दफा १९ को उपदफा (२) सँग सम्बन्धित)

**कलाकीर्ति पदक**




**(क) मण्डलः** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको बागमती प्रदेशको नक्सा, कलात्मक झ्याल र नेपालको झण्डा सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख) पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-१८

(दफा २० को उपदफा (२) सँग सम्बन्धित)

**संस्कृतिदीप पदक**




**(क) मण्डलः** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको बलेको दियो, बागमती प्रदेशको नक्सा र कुमारीको आकृति सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख) पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-१९

(दफा २१ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रदेश श्रष्टा पदक</u>**




**(क) <u>मण्डल</u>**ः यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको बागमती प्रदेशको नक्सा, किताब, कलम, प्वाँख र लालीगुराँसको आकृति सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख) <u>पट्टिका</u>**ः यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-२०

(दफा २२ को उपदफा (२) सँग सम्बन्धित)

**<u>जनसेवा पदक</u>**




**(क)** **<u>मण्डल</u>**: यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको बागमती प्रदेशको नक्सा, नेपालको झण्डा र नमस्कार गरेको आकृति सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख)** **<u>पट्टिका</u>**: यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-२१

(दफा २३ को उपदफा (२) सँग सम्बन्धित)

**विपद्सेवी पदक**




**(क)** **मण्डलः** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको क्षतिग्रस्त घर र उद्धार गरेको मानिसको आकृति सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

अनुसूची-२२

(दफा २४ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रदेश परोपकार पदक</u>**




**(क) <u>मण्डल</u>ः** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको बिच भागमा रहेको बागमती प्रदेशको नक्सा, मानिस, फैलाइएको हात र लालीगुराँसको आकृति सुनको हुनेछ भने बाँकी भाग र आकृति चाँदीको हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा पट्टिका राखी गलामा झुण्ड्याउन मिल्ने गरी राखिनेछ । यसको पछाडिपट्टिको भागमा बागमती प्रदेश र त्यसको मुनि पदक वितरण गरिने साल उल्लेख गरेको हुनेछ ।

**(ख) <u>पट्टिका</u>ः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटरको हुनेछ । यसको बराबर चौडाईमा रहने गरी बायाँ निलो, दायाँ हरियो र बिचमा रातो रङ्ग हुनेछ।

## अनुसूची-२३

(दफा २६ को उपदफा (३) सँग सम्बन्धित)

## सिफारिस गरिने राष्ट्र सेवक कर्मचारी/सर्वसाधारण/संस्थाको विवरण

(१) व्यक्तिगत विवरणः

| | | | | | |
|---|---|---|---|---|---|
| नाम | | | जन्म मिति/हालको उमेर | | |
| ना.प्र.नं./जिल्ला | | | बुबाको नाम | | |
| ठेगाना | प्रदेश- | जिल्ला- | न.पा./गा.पा- | वडा नम्वर- | टोल/ब्लक नं.- |
| स्थायी | | | | | |
| अस्थायी | | | | | |
| शैक्षिक योग्यता | तह | शैक्षिक संस्थाको नाम | उत्तीर्ण साल | | |
| सम्पर्क | फोन नं. | ईमेल ठेगानाः | | | |

(२) संस्थागत विवरण (भए)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संस्थाको नाम | | | स्थापना मिति | | | |
| संस्था दर्ता नं. | | | पछिल्लो नवीकरण मिति | | | |
| संस्थाको प्रमुख | नामः | | ठेगानाः | | फोन नं.: | |
| ठेगाना | प्रदेश- | जिल्ला- | न.पा./गा.पा- | वडा नम्वर- | टोल/ब्लक नं.- | |
| कार्यक्षेत्र प्रदेश, जिल्ला (संख्या खुलाउने) | | | | | | |
| संस्थाको मुख्य उदेश्य | | | | | | |
| समावेशी सहभागिता | महिला- | पुरुष- | अपाङ्ग- | जनजाति- | मधेसी- | अन्य- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| सम्पर्क | फोन नं. | इमेल ठेगानाः | |
|---|---|---|---|

(३) उपलब्धिहरुको विवरणः

<table>
<tr><td rowspan="4">विगतमा प्राप्त गरेका उपाधि,सम्मान र विभूषण तथा पदक प्राप्त मिति</td><td colspan="3">प्रशंसा पत्रहरुः</td></tr>
<tr><td colspan="3">पुरस्कारहरु\पदकहरु (निजामती पुरस्कार समेत)</td></tr>
<tr><td colspan="3">विभूषणहरुः</td></tr>
<tr><td colspan="3">अन्यः</td></tr>
<tr><td rowspan="5">सम्बन्धित व्यक्तिले हालसम्म गरेका उल्लेख्य कार्यको विवरणहरु</td><td>कार्यालय\स्थान</td><td>काम गरेको अवधि</td><td>विशेष योगदान/कार्य</td></tr>
<tr><td>१.</td><td></td><td></td></tr>
<tr><td>२.</td><td></td><td></td></tr>
<tr><td>३.</td><td></td><td></td></tr>
<tr><td>४.</td><td></td><td></td></tr>
</table>

(४) विगतमा भएका कारबाहीको विवरण

(क) कर्मचारी भएः

<table>
<tr><td rowspan="6">विगतमा भएका कारवाही वा सफाइ पाएको भए सोको विवरण</td><td>ध्यानाकर्षण/सचेत/चेतावनीः</td></tr>
<tr><td>नसिहत/निलम्बनः</td></tr>
<tr><td>ग्रेड रोक्का/पदोन्नति रोक्का/तल्लो टाइम स्केलमा घटुवाः</td></tr>
<tr><td>घटुवा/चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल रायः</td></tr>
<tr><td>सेवाबाट हटाइएको/वरखास्त गरेकोः</td></tr>
<tr><td>अन्य अभियोगः</td></tr>
</table>

(ख) व्यक्ति/संस्था भएः

<table>
<tr><td rowspan="4">विगतमा भएका कारवाही वा सफाई पाएको भए सोको विवरण</td><td>फौजदारी मुद्दाः</td></tr>
<tr><td>देवानी मुद्दाः</td></tr>
<tr><td>कालो सूची, बैकिङ्ग कसुरः</td></tr>
<tr><td>खराब व्यवसायिक आचरण भए/ नभएको (संस्थाको हकमा)</td></tr>
<tr><td></td><td>अन्य अभियोग/कैफियतः</td></tr>
</table>

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) उल्लेखित सम्पूर्ण विवरणहरु सत्य तथ्यमा आधारित रहेको व्यहोरा प्रमाणित गर्दछु, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

नाम थरः दर्जा (कर्मचारी भए)/ठेगानाः कार्यरत निकायः

फोन नम्बरः ईमेल ठेगानाः दस्तखतः

(६) उल्लेखनीय उपलब्धिहरु तथा सम्मान र पदक प्रदान गर्नु पर्ने कारणहरु

(क) कर्मचारी भए:

| | |
|---|---|
| जिम्मेवारी वहन तथा उत्तरदायित्व प्रति निजको भूमिका | |
| निजको आफ्नै पहलमा भएका सिर्जनसिल कार्यहरु | |
| साहसिक तथा उल्लेख्य कार्यहरुको विवरण | |
| सार्वजनिक हित तथा राष्ट्रको उन्नतिमा निजको योगदान | |
| सम्मान र पदक प्रदान गर्नको लागि सिफारिस गर्नुपर्ने आधार र अरु उल्लेख्य कारणहरु | |
| विशेष योगदान र अनुसन्धानको विषय भए उल्लेख गर्ने | |

(ख) व्यक्ति/संस्था भए:

| | |
|---|---|
| निजको आफ्नै पहलमा भएका सिर्जनसिल कार्यहरु | |
| साहसिक तथा उल्लेख्य कार्यहरुको विवरण | |
| सार्वजनिक हित तथा राष्ट्रको उन्नतिमा निजको योगदान | |
| सम्मान र पदक प्रदान गर्नको लागि सिफारिस गर्नुपर्ने आधार र अरु उल्लेख्य कारणहरु | |
| निजको आचरण (प्रहरी प्रतिवेदन अनुसार) | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | |
|---|---|
| विशेष योगदान र अनुसन्धानको विषय भए उल्लेख गर्ने | |

(७) सिफारिस कर्ताको रायः

नाम थरः

दर्जाः

दस्तखतः

कार्यालयः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-२४

(दफा २८ सँग सम्बन्धित)

**सम्मान पत्रको ढाँचा**

............... जिल्ला ................ गा.पा/न.पा/उ.न.पा./म.न.पा, वडा नं. .... मा रहेको/बस्ने .............................. लाई ............................मा उल्लेखनीय योगदान पुर्‍याए बापत ............................ द्वारा सम्मानित गरिएको छ । यस सम्मान र पदकको गरिमा कायम गरी प्रदेशको गौरव बढाउने काममा यहाँको/यस संस्थाको योगदान निरन्तर रहनेछ ।

....................

अध्यक्ष

सिफारिस समिति

<u>घोषणा मिति</u>

ईति संवत्.......................शुभम् ।

....................

मुख्यमन्त्री

बागमती प्रदेश

<u>वितरण मिति</u>

ईति संवत्.......................शुभम्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-२५

(दफा ३० को उपदफा (३) सँग सम्बन्धित)

**स्वल्पाकार र स्वल्पाकार पट्टिकाको बनौट तथा आकार प्रकार**

**(क)** **स्वल्पाकारः** पदकहरुका स्वल्पाकारको विवरण सोही पदकहरुका मण्डन सरह हुनेछ ।

**(ख)** **स्वल्पाकार पट्टिकाः** पदकहरुको स्वल्पाकार पट्टिकाको कपडा र रङ्गको विवरण सोही पदकहरुको पट्टा र पट्टिका सरह हुनेछ ।

स्वल्पाकारहरु पट्टिकासहित बायाँ छातीमा लागाइनेछ । प्रदेश रक्षक पदक दायाँ छातिमा लगाइनेछ । स्वल्पाकारको पट्टिकाको चौडाई १.६ सेन्टिमिटर र मण्डन र पट्टिकाको संयुक्त लम्बाई ५.३ सेन्टिमिटर हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश